# <u>अन्त:शुल्क (दशौं संशोधन) नियमावली, २०६६</u>

अन्त:शुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
अन्त:शुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** :(१) यी नियमहरूको नाम "अन्त:शुल्क (दशौं संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **<u>अन्त:शुल्क नियमावली, २०५९ को नियम ३४क. मा संशोधन</u>** : अन्तशुल्क नियमावली,२०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३४क. को सट्टा देहायको नियम ३४क. राखिएको छ ।

"३४क., मदिरा बिक्री वितरण सम्बन्धी व्यवस्था : (१) काठमाडौ उपत्यका, नेपाल भित्रका उप–महानगरपालिका, नगरपालिका, सबै जिल्ला सदरमुकाम, राष्ट्रिय लोकमार्गहरू र विभागले तोकेको सहायक लोकमार्गहरूमा (होटेल, रेष्टुरेन्ट बाहेक) मदिराको कारोबार गर्ने इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले मदिरा र सूर्तिजन्य बस्तुको मात्र कारोबार गर्न पाउनेछ ।

तर डिपार्टमेण्टल स्टोरले मदिराको अलग्गै बिक्री कक्ष राखी अरू सामानको पनि कारोबार गर्न पाउनेछ ।

(२) यो नियम प्रारम्भ हुनु अगावै साविकमा महानगरपालिका, उप–महानगरपालिका तथा नगरपालिका क्षेत्र बाहेक मदिराको कारोवार गर्न इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले सम्वत् २०६६ साल कार्तिक मसान्त भित्र उपनियम (१) बमोजिमको व्यवस्था बमोजिम मदिरा र सूर्तिजन्य बस्तुको कारोबार गर्नु पर्ने छ ।

(३) उपनियम (२) बमोजिम कारोबार गर्न नसक्ने व्यक्तिले उक्त अवधि भित्र आफूसंग भएको मदिरा बिक्री वितरण गरी वा आपूर्तिकर्ता वा उत्पादकलाई फिर्ता गरी मौज्दात शुन्य गर्नु पर्नेछ । त्यसरी फिर्ता गर्न ल्याएको उत्पादक वा आपूर्तिकर्ताले फिर्ता लिनु पर्नेछ ।

३. **<u>मूल नियमावलीको अनुसूची–२ मा संशोधन</u>** : मूल नियमावलीको अनुसूची–२ को सट्टा यसैसाथ संलग्न अनुसूची–२ राखिएको छ

"अनुसूची–२"
**(नियम ३ र ५ संग सम्बन्धित)**

इजाजतपत्र लिनु पर्ने बस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नविकरण दस्तुर देहाय बमोजिम हुनेछ :

**१. मदिरा र इथानोल उत्पादनतर्फ :**

| | |
|---|---|
| (क) स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रू.८०,०००। |
| (ख) वियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रू.८०,०००। |
| (ग) ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रू.८०,०००। |
| (घ) वाइन/व्राण्डी (फलफूलमा आधारित)मात्र बनाउने प्रतिष्ठानको लागि | रू.४०,०००। |
| (ङ) अन्य मदिरा उत्पादनका लागि | रू.८०,०००। |
| (च) चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रू.१००,०००। |

**२. मदिरा बिक्री वितरण तर्फ :**

(क) होटल, रेष्टुरेण्ट तथा लजहरूको लागि

| | |
|---|---|
| (१) पांचतारे होटल | रू.३०,०००। |
| (२) चारतारे होटल | रू.२५,०००। |
| (३) तीनतारे होटल | रू.१८,०००। |
| (४) दुईतारे होटल | रू.१२,५००। |
| (५) एकतारे होटल | रू.७,०००। |
| (६) स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्ट तथा रिसोर्ट | रू.५,०००। |
| (७) स्वदेशी मदिरा वोतल खोली बिक्री वितरण गर्ने साधारण होटल रेष्टुरेण्ट र बार तथा लज | रू.३,०००। |

(ख) मदिरा विक्रेताको लागि :

| | |
|---|---|
| (१) मदिरा वितरक | रू.२०,०००। |
| (२) थोक विक्रेता | रू.१२,०००। |
| (३) स्वेदेशी तथा विदेशी मदिरा बिक्री गर्ने खुद्रा बिक्रेता | रू.८,०००। |
| (४) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा स्वदेशी मदिरामात्र बिक्री गर्ने खुद्रा बिक्रेता | रू.६,०००। |
| (५) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा बाहेकका अन्य क्षेत्रमा स्वदेशी मदिरामात्र बिक्री गर्ने खुद्रा बिक्रेता | रू.२,०००। |
| (६) डिपार्टमेण्टल स्टोर | रू.१०,०००। |

(ग) मदिरा निकासी तथा पैठारीकर्ताको लागि :

| | |
|---|---|
| (१) विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता | रू.२०,०००। |
| (२) मदिरा निकासीकर्ता | रू.३,५००। |

(घ) चुरोट निकासीकर्ता :

| | |
|---|---|
| नेपाल बाहिर चुरोट निकासीकर्ता | रू.३,५००। |

**३. पैठारी तथा अन्य बस्तु खरीद बिक्री र उत्पादनतर्फ :**

| | | |
|---|---|---|
| (क) | विदेशी चुरोट, सिंगार, सुर्ति तथा सुर्तीजन्य बस्तु पैठारी गर्नेको लागि | रू.१०,०००। |
| (ख) | विदेशी खैनी, जर्दा, नश पानपराग तथा पानमसला पैठारी गर्नेको लागि | रू.२५,०००। |
| (ग) | पानपराग, पान मसला, चुरोट, खैनी, जर्दा, नश, सूर्ती तथा सुर्तीजन्य बस्तु थोक खरीद बिक्रि गर्नेको लागि | रू.५,०००। |
| (घ) | चुरोट, खैनी, जर्दा, नश, पानपराग तथा पानमसला खुद्रा खरीद विक्री गर्नेको लागि | रू.१,५००। |
| (ङ) | विदेशी खुदो र गुंड पैठारी गर्नेको लागि | रू.८,०००। |
| (च) | खुदो, गुंड र स्प्रिट खरीद बिक्री गर्नेको लागि | रू.३,५००। |
| (छ) | ईंटा उत्पादन गर्ने उद्योगको प्रतिभट्टाका लागि | रू.१,५०,०००। |
| (ज) | स्टोन क्रसर (गिट्टी रोडा उत्पादन गर्ने उद्योग) | रू.१,००,०००। |
| (झ) | पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर(गुण), कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय बमोजिमका उद्योगको लागि | |
| | (१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरसम्मको ) | रू.१५,०००। |
| | (२) होरिजेन्टल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावर भन्दा बढीको) | रू.३०,०००। |

द्रष्टव्य :

(१) यस अनुसूची बमोजिमको यस्तो दस्तुर काठमाडौं उपत्यका बाहिरका ईंटा उद्योगको हकमा पच्चीस प्रतिशत र दुर्गम क्षेत्रका फलफुलमा आधारित वाइन एवम् मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम लाग्नेछ ।

(२) एक एकाइले एक भन्दा बढी किसिमको मदिरा खरीद बिक्री गर्ने भएमा सबभन्दा बढी दरको दस्तुर मात्र बुझाए पुग्नेछ ।

(३) तीन आर्थिक वर्षको लागि एकै पटक नविकरण गर्ने इजाजत पत्र वालालाई यस्तो दस्तुरमा दश प्रतिशत छुट हुनेछ ।

(४) ईंटा उत्पादक र स्टोन क्रसर उद्योगले प्रकरण ३ को खण्ड(छ) बमोजिम बुझाउनु पर्ने रकम मध्ये बीस प्रतिशत इजाजतपत्र लिंदा, चालीस प्रतिशत माघ मसान्तसम्म र बांकी रकम जेष्ठ मसान्तसम्म बुझाउने गरी किस्ता कायम गरिएको छ ।

(५) मूल्य अभिवृद्धि करमा दर्ता भएका ईंटा उत्पादन र स्टोन क्रसर उद्योगहरूले इजाजतपत्र दस्तुर तिर्नु पर्ने छैन ।

तर यस्ता ईंट्टा उत्पादन र स्टोन क्रसर उद्योगहरूले एक आर्थिक वर्षको लागि बुझाउनु पर्ने इजाजतपत्र दस्तुर भन्दा कम मूल्य अभिवृद्धि कर कसूल गरी आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको अवस्थामा त्यस्तो कम भएको रकम इजाजतपत्र दस्तुर वापत आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेछ र सो अवधि भित्र दाखिला नगरेमा सोमा ऐन बमोजिम विलम्ब दस्तुर लाग्नेछ ।